# फालेलुङ गाउँपालिका

## गाँउ कार्यपालिकाको कार्यालय

### मेमेङ, पाँचथर

### १ नं. प्रदेश, नेपाल

## सूचना प्रविधि अधिकृत करार सेवामा पदपुर्ति गर्ने सम्बन्धि सुचना ।

**प्रथम पटक प्रकाशित मिति : ०७४।०७।१९**

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति ०७४।०७।१७ गतेको सचिवस्तरीय तथा फालेलुङ गाउँकार्यपालिकाको मिति ०७४।०८।१३ को निर्णयानुसार तपसीलको पदमा करार सेवामा नियुक्ति गरी गाउँपालिकालाई सूचना प्रविधियुक्त बनाई सेवा प्रवाहसँग आवद्ध गर्नु पर्ने भएकोले तपसीलका शर्तहरुको अधीनमा रही काम गर्न इच्छुक देहाय बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुबाट आवेदन आह्वान गरिएको छ ।

**माग गरिएको पद**

| क्र.सं. | विज्ञापन नम्बर | पद | पद संख्या |
|---|---|---|---|
| १ | ३/०७४-०७५ | सूचना प्रविधि अधिकृत | १ (एक) |

- न्युनतम शैक्षिक योग्यता : लोकसेवा आयोगले लिने कम्प्युटर अधिकृत पदको न्युनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information and Communication Technologies वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय लिइ स्नातक (BIT, BIM, BBIS, BCA, BCIS, BEIT, BSc.IT, BSc.CSIT ) गरेकालाई मान्यता दिइने । विदेशी बोर्डबाट उतीर्ण भई शैक्षिक योग्यता प्राप्त गरेको उम्मेद्वारले समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रतिलिपि स्वयंले प्रमाणित गरि संलग्न राख्नुपर्नेछ ।
- परीक्षाको किसीम : तोकीएको मापदण्ड अनुसार । (शैक्षिक योग्यता, कार्यानुभव, स्थायी ठेगाना र आवश्यक्ता अनुसार अन्तरबार्ता )
- आवेदन दिनुपर्ने अन्तिम मिति : सुचना प्रकाशित भएको मितिले (पन्ध्र) दिन भित्र । तर आवेदन दिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुल्ने पहिलो दिन सम्म आवेदन दिन सकिने ।
- आवेदन बुझाउने स्थान : फालेलुङ गाउँकार्यपालिका, मेमेङ, पाँचथरको प्रशासन शाखामा स्वयं उपस्थित भइ वा आवेदन साथ शैक्षिक योग्यताको प्रमाणपत्र, कार्यानुभवको प्रमाणपत्रको प्रतिलिपि, नागरिकता लगायत अन्य आवश्यक कागजातको प्रमाणित प्रतिलिपि बुझाउनुपर्नेछ । कागजात नोटरी पव्लिकबाट प्रमाणित गरि ल्याउनु पर्नेछ । आवेदन फारमको ढाँचा लोकसेवा आयोगको आधिकारिक वेबसाइट www.psc.gov.np मा गइ डाउनलोड गर्न सकिनेछ ।
- आवेदन दस्तुर : दस्तुर रकम वापतको रु १०००। फालेलुङ गाउँपालिकाको नेपाल बैङ्क लिमिटेडमा रहेको सञ्चित कोष खाता नं. (०६७०३००००००००४००१०१०) मा जम्मा गरि सो को भौचर फारम साथ बुझाउनु पर्नेछ ।
- तलव स्केल : रु ४०,०००। (चालिस हजार रुपैंया मात्र ) र दुर्गम भत्ता रु ५०००। (पाँच हजार रुपैंया मात्र )
- काम गर्नुपर्ने स्थान: फालेलुङ गाउँकार्यपालिका र अन्तर्गतका वडाकार्यालयहरुमा सुचना प्रणाली स्थापना र संचालन गर्नुपर्ने । सुचना प्रविधि अधिकृतको कार्यविवरण मिति ०७४।०३।२८ गते सचिवस्तरीय बैठकबाट स्विकृत भए अनुसार हुनेछ ।
- सम्पर्क मिति : दरखास्त फारम बुझाउने अन्तिम दिनको भोलिपल्ट (सो दिन सार्वजनिक विदा परेमा सार्वजनिक विदा पश्चात कार्यालय खुल्ने पहिलो दिन ) सम्पुर्ण कागजातको सक्कलै प्रमाणपत्र लिइ दिनको १२:०० बजे गाउँकार्यपालिकाको कार्यालयमा सम्पर्क राख्नुपर्ने ।
- थप सम्पर्कका लागि : ९८५२६८४१०४ ( सचिव, पदपुर्ति समिति , फालेलुङ गाउँकार्यपालिका )